**Butwal Campus Journal, Vol. 7, No. 2: 203-208, December 2024**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v7i2.73240

# समाजपरक समालोचना प्रणालीका आधारमा भावनाको नाता उपन्यासको मूल्याङ्कन

**ओमप्रकाश आचार्य**
**उपप्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय**
omacharya3851@gmail.com

**लेखसार**

पाश्चात्य समालोचना प्रणालीमा समाजपरक समालोचना प्रणाली जेठो,पुरानो र पाको समालोचना प्रणाली हो । यस प्रणालीले प्रकाशित साहित्यिक कृति एवम् सिर्जनाको समाजपरक दृष्टिकोणबाट समालोचना गर्दछ । प्रस्तुत उपन्यास नेपाली समाजको यथार्थ रुप झल्काउने प्रसिद्ध उपन्यासकार धनलाल आचार्यद्वारा लिखित मौलिक सामाजिक उपन्यास हो । उपन्यासकार धनलाल आचार्य कर्णाली प्रदेशको जुम्ला जिल्लाको सिँजा क्षेत्रको हिमा गाउँपालिकाको आचार्य लिहीमा जन्मेका हुन् । प्रस्तुत उपन्यासलाई पाश्चात्य समालोचना सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । समाजपरक दृष्टिकोणबाट भावनाको नाता उपन्यासको सामाजिकता कस्तो छ ? कुन सामाजिक सन्दर्भमा कस्तो सामाजिक मूल्य र मान्यता रहेको छ ? सामाजिक निष्ठा, प्रगतिवादी, उद्देश्यपरक र प्रभाववादी दृष्टिकोणमा यस उपन्यासको स्थान कस्तो छ ?उपन्यासको सामाजिक दृष्टिकोणबाट उब्जेका अनुसन्धेय प्रश्नहरु हुन् । यिनै अनुसन्धानात्मक प्रश्न यस लेखमा अध्ययनका समस्या हुन् भने सामाजिक दृष्टिकोणबाट समाजपरक समालोचना प्रणालीको सिद्धान्त अवलम्बन गरी भावनाको नाता उपन्यासको सामाजिकताको खोजी गर्नु, सामाजिक निष्ठा,प्रगतिवादी,उद्देश्परक र प्रभाववादी दृष्टिकोणमा उपन्यासको स्थान उल्लेख गर्नु यस लेखको उद्देश्य हो । पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको यस लेखमा व्याख्या विश्लेषणको ढाँचा वर्णनात्मक र विश्लेषणात्मक रहेको छ । नेपाली समाज रगतको नातामा रङ्गिएको छ । रगतरुपी नाताको डम्फुले जेलिएर अशान्त, बोझिलो, बहुलठ्ठक बनेको छ । यो स्वार्थ केन्द्रित छ तर भावनाको नाता निस्वार्थ, सह्रदयी पवित्र, दीर्घरुपी हुन्छ । मानव जीवन रगतको नाता र भावनाको नातामा रहे पनि भावनाको नाता सामाजिकीकरणको उत्तम नाता हो । भावनाको नाताको सामाजिक सिद्धान्त हुनुपर्छ, समाज रगतको नाताका कारण विथोलिएको छ । अबको युग भावनाको नाताका आधारमा अगाडि बढ्नुपर्छ जसले सुन्दर शान्त सभ्य विशाल समाज निमार्णमा टेवा पुग्नेछ भन्ने कोणबाट यो उपन्यास अघि बढेको छ । यस लेखका माध्यमबाट साहित्यिक कृतिको सैद्धान्तिक आधारबाट विश्लेषण गर्ने ढाँचा प्रस्तुत हुनेछ भने पाश्चात्य समालोचना प्रणालीका आधारमा साहित्यिक कृतिको समालोचना गर्ने अनुसन्धाता, अध्ययनकर्मीका लागि महत्त्वपूर्ण सामग्री हुनेछ ।

**शब्दकुञ्जी** : उद्देश्यपरक,नीतिवादी, पाश्चात्य समालोचना, प्रगतिवादी, प्रभाववादी ।

## विषयपरिचय

भावनाको नाता' मौलिक उपन्यास हो । कर्णाली प्रदेशको जुम्ला जिल्लाको सिँजा, आचार्य लिहीमा जन्मनु भएका उपन्यासकार धनलाल आचार्यद्वारा लिखित सामाजिक यथार्थवादी धाराको उपन्यास हो । करिब एक दर्जन भन्दा बढी साहित्यिक कृति प्रकाशन गरी सकेका आचार्य नेपाली साहित्याकाशका बहुमुखी प्रतिभा हुन् । प्रस्तुत उपन्यासलाई पाश्चात्य समालोचना सिद्धान्तका आधारमा समालोचना गरिएको छ । पाश्चात्य समालोचना प्रणाली अन्तर्गत समाजपरक समालोचना प्रणाली एक हो । सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना प्रणाली भनिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. १२६ ) । उपन्यासलाई अध्ययन विश्लेषण गर्ने विविध आधारहरुमध्ये भावनाको नाता उपन्यासलाई पाश्चात्य समालोचना सिद्धान्त समाजपरक समालोचना प्रणालीका आधारमा विश्लेषण गरिएको छ । समाजपरक समालोचना प्रणालीले कुनै पनि

साहित्यिक कृतिको सामाजिक धरातल र अवधारणाको अध्ययन विश्लेषण गर्दछ (भण्डारी र पौडेल,२०६५: १५३) ।पाश्चात्य समालोचना प्रणालीको सिद्धान्तमा आधारित भएर कर्णाली प्रदेशको जुम्ला जिल्लाका उपन्यासकार धनलाल आचार्यद्वारा लेखिएको मौलिक सामाजिक उपन्यास भावनाको नाताको समाजपरक दृष्टिकोणबाट अध्ययन गरिएको छ । उपन्यासमा सामाजिकता, सामाजिक सन्दर्भ, सामाजिक मूल्य मान्यता, सामाजिक दृष्टिकोण, उपन्यासले राखेको प्रगतिवादी दृष्टिका सर्न्दभलाई लिएर यस लेखमा सामाजिक अनुसन्धान  गरिएको छ ।

समाजपरक समालोचना प्रणालीका आधारमा भावनाको नाता उपन्यास शीर्षकको अनुसन्धानमूलक लेखमा समाजपरक दृष्टिकोणबाट उपन्यासको सामाजिकता कस्तो छ ? कुन सामाजिक सन्दर्भमा कस्तो मूल्य र मान्यता रहेको छ ? सामाजिक निष्ठा, प्रगतिवादी, प्रभाववादी दृष्टिकोणमा यस उपन्यासको स्थान कस्तो छ ? यस लेखका मुख्य अनुसन्धानात्मक प्रश्न एवम् अनुसन्धानका समस्या हुन् । यस लेखको उद्देश्य भनेको समाजपरक समालोचना प्रणालीका आधारमा भावनाको नाता उपन्यासको अध्ययन गर्नु हो । भावनाको नाता उपन्यासमा सामाजिकताको खोजी गर्नु, सामाजिक निष्ठा, प्रगतिवादी, उद्देश्यपरक र प्रभाववादी दृष्टिकोणमा उपन्यासको स्थान उल्लेख गर्नु यस लेखको विशिष्ट उद्देश्य हो । यस लेखमा भावनाको नाता उपन्यासको समाजपरक समालोचना प्रणालीका आधारमा औपन्यासिक तत्वमा आधारित भएर सामाजिकता, सामाजिक सन्दर्भ, सामाजिक मूल्य, सामाजिक दृष्टिकोण, सामाजिक निष्ठा एवम् उपन्यासको औपन्यासिक धरातललाई ध्यानमा राखेर अध्ययन गरिएको छ । प्रस्तुत भावनाको नाता उपन्यासको समाजपरक समालोचना प्रणालीका आधारमा अध्ययन गर्दा यस अध्ययनको ढाँचा गुणात्मक रहेको छ । विधिको प्रयोग गरी सोद्देश्यपरक ढङ्गबाट समाजपरक समालोचना प्रणालीको सिद्धान्तका आधारमा उपन्यासको वर्णनात्मक र विवरणात्मक रुपले अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययन विश्लेषण

समाजपरक समालोचना प्रणालीका आधारमा भावनाको नाता उपन्यासको अध्ययन सामाजिकता, सामाजिक सन्दर्भ, सामाजिक मूल्य मान्यता, सामाजिक दृष्टिकोण, उपन्यासमा रहेको प्रगतिवादी, उद्देश्यपरक प्रभाववादी दृष्टि,सामाजिक निष्ठाका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### सामाजिकताका आधारमा

जुम्ला जिल्लाको सामाजिक परिवेशमा आधारित भएर लेखिएको भावनाको नाता उपन्यासका उपन्यासकार जुम्ला जिल्लाका धनलाल आचार्य हुन् । एक पारिवारिक स्थितिमा जीवनक्रमका चरणमा देखापरेका उतार चढावलाई कथावस्तु वनाएर मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । उपन्यासमा रहेको कथावस्तुको उठान, मध्यावस्था, अन्त्यावस्था नेपाली समाजसँग सम्बन्धित छ । जुम्लादेखि नेपालगंज, सुर्खेत, काठमाडौं, भारतको नैनीताल, वनारस सम्मको जीवन सङघर्षका अनुभूति बुनिएको कथावस्तु नेपाली समाजपरक छ ।सात आठ वर्षको कमाइले एउटा खरको छाप्रो र एकाध विघा जग्गा किनेर धान जौ किन्ने समस्याबाट मुक्ति मिल्यो (आचार्य, २०७२, पृ.२६) । भावनाको नाता उपन्यासको मुख्य पात्र सत्पात्र कृतिधर हो भने खलपात्र उसका बावु रुपचन्द्र हुन् । रुपचन्द्रको स्त्रीभोग चरित्रले कृतिधरकी आमा कुन्तीमाया र कृतिधरले पाएको दुःख , पुरुषले देखाउने आडम्बरीपन दुई स्वास्नीमा जेठी पट्टीकालाई गर्ने व्यवहार खुलाइएको छ ।

नेपाली समाजमा पोइली घरमा दुःख कष्ठ पाए श्रीमान्ले घर निकाला गरे नारीको जाने ठाउ माइत घर हो । कुन्तिलाई दुःख दिएर घरबाट निकाली दिने अर्की स्वास्नी ल्याउने उनको रहस्य केही दिन पछि खुल्यो (आचार्य, २०७२, पृ.२) । यही प्रसङगमा यस उपन्यासकी अर्की पात्र कुन्तीमाया माइतको आश्रयमा गएको प्रसङग सगैं नेपाली समाजको दुई श्रीमतीमा जेठी श्रीमतीलाई हेला गर्ने तर उसबाटको सन्तानलाई स्वार्थसिद्धका लागि भएपनि सौतेनी व्यवहारका साथ राख्ने चरित्रको चित्रण गरिएको छ । समाजमा दुःखमा साथ दिने व्यक्ति पनि हुन्छन्,दुःखमा रमाइ दिने व्यक्तिपनि हुन्छन् । समाज मै मानवीय

व्यवहारका व्यक्ति पनि हुन्छन् भन्ने यथार्थ उल्लेख गर्न कृतिधरका मामा, मीतमामा, क्षेत्रीमामा, भारतमा झापाको साथी, काठमाडौंमा सरकारी निकायका प्रमुख,जनप्रतिनिधि,राजनीतिज्ञ, सहकर्मी व्यक्तित्वलाई यस उपन्यासमा जीवन सफल वनाउनमा प्रेरित गर्ने व्यक्तित्वका रुपमा उभ्याइएको छ भने कसैको प्रगति उन्नति हुन नदिने श्रीमतिका रिसले छोरालाई दुःख दिने, जेठी पट्टीका छोरालाई गुम्राहमा राख्ने व्यक्ति पनि समाजमा नै हुन्छन् भन्दै कृतिधरका बावु रुपचन्द्रलाई देखाइएको छ । सन्तानको सुखमा आमाको संघर्ष आमाको दःख अन्त्यमा छोराको जीवन संघर्षको पाटो समेत सामाजिकता भित्रको परिदृश्य हो । आफ्नै रगत भित्रको द्वन्द्व अर्को सामाजिकताको पक्ष हो । कृतिधर र रुपचन्द्रबीचको द्वन्द्व र कृतिधर र उसका सन्तान खलरुप , अभिमान सिंह, असुरसिंह र पत्नी पशुमतिबीचको द्वन्द्व उल्लेख गरिएको छ । पारिवारिक जीवनबाट वैराग्य हुँदै रगतको नाताले अपमान गरेकोमा धार्मिक कार्यमा सम्लग्न हुँदै गर्दा भावनाको नाता गाँसिन पुगेको सुमन पात्र कृतिधर हजुरबुवा र उनको भावना अनुरुप सेवा सुसार गर्ने व्यक्तिबीचको जीवनगाथा प्रस्तुत गर्दै समाजभित्र सत्चरित्र र असत्चरित्र हुने गरेको रगतको नाता औपचारिकता भएपनि अधिकारका रुपमा रहेको तर भावनाको नाता मानवतावादी भएको जसको सम्बन्ध दीगो हुने कुराको वर्णन गरिएको छ । यी सबै परिवेश प्रसङ र सन्दर्भ नेपाली सामाजिकतामा आधारित छन् ।

## सामाजिक सन्दर्भका आधारमा

भावनाको नाता उपन्यासलाई सामाजिक सन्दर्भका आधारमा मूल्याङ्कन गर्दा यसमा उल्लेखित सबै सन्दर्भहरु यस उपन्यासको प्रमुख पात्र कृतिधरको जीवन र नेपाली समाजको सामाजिक स्थितिको सन्दर्भ जोडिएर अघि बढेको देखिन्छ । कृतिधरका बावुले दोस्रो विहे गर्नु, कृतिधरकी आमा घरबाट निकालिनु, माइतिको घर आश्रय लिन बाध्य हुनु, कृतिधरको पढ्ने चाहाना हुनु, त्यसको बाधकका रुपमा रुपचन्द्र बावुले पढ्न नमिल्ने वातावरण बनाइदिनु , कान्छीपट्टीका छोरा छोरीलाई विद्यालय पढ्न पठाउनु तर कृतिधरलाई गाई चराउन , खेत जोत्न , कुलो खन्न लगाउनु , पढ्ने तीव्र इच्छालाई पछ्याउँदै कृतिधर समाज कै आफन्तका सहयोगबाट पढाइ सम्पन्न गर्न सक्षम हुनु, आमाको इच्छा पुरा गर्न खोज्दा खोज्दै छोराको पूर्ण सुख सयल भोग्न नपाउँदै आमाको दिवंगत हुनु , सामाजिक सन्दर्भ अनुरुप कृतिधर वैवाहिक जीवनमा बाधिनु, कृतिधरकी एक श्रीमति तीन छोरा हुनु, कृतिधरको समेत श्रीमति र छोराहरुसँग मेलमिलाप नहुनु, अन्ततः जीवन धर्मको विश्वासमा धार्मिक कार्यक्रममा सहभागी भएर जीवनान्द खिदै गर्दा सज्जन भावना मिल्ने एक बालकसँग भेट हुनु जसको व्यवहारले कृतिधर सुमन नामको बालकबीच सुखमय जीवनयापन हुँदै जानुले कृतिधर रगतको नाता र भावनाको नाताको अन्तर पहिचानमा पुग्नु सामाजिक सन्दर्भका प्रसङ्हरु हुन् ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा पारिवारिक द्वन्द्वले व्यक्तिको जीवन कति दुःखदायी र कहालिलाग्दो बन्दो रहेछ भन्ने यथार्थको चित्रण गरेको छ । दुःख कष्ठगरी पढेर धन सम्पत्ति कमाएर परिवार कै लागि जीवन अर्पण गरेर आज यो फल पाइयो (आचार्य, २०७२, पृ. २७ ) कृतिधर नेपाली समाजकै कर्तव्यनिष्ठ, लगनशील,संघर्षशील, लक्ष्यकेन्द्रित सत् पात्र हो । यद्यपि यसपात्रको जीवनको पूवार्धमा आफ्नै पारिवारिक सदस्यहरुसँगको मनमुटाव समाजमा घटित यथार्थ संयोगको जटिलता कारुणिक ढङ्बाट प्रस्तुत हुनुले समाजमा घट्ने घटनालाई इङगित गर्न खोजिएको छ । नेपालदेखि भारतसम्म जुम्लादेखि नेपालको राजधानी काठमाडौंसम्मका सामाजिक सन्दर्भले सामाजिक प्राणी मानव मानवबीचको व्यवहारगत भिन्नताको समेत यो उपन्यास चित्रण गर्न सफल भएको छ । यो नेपाली समाजको सामाजिक सन्दर्भको कटु यथार्थपरक उदाहरण समेत हो ।

## सामाजिक मूल्य मान्यताका आधारमा

प्रस्तुत उपन्यासमा नाता सम्बन्धका आधारमा समाजिक मूल्यको खोजी गरिएको छ । सामाजिक स्वरुपका आधारमा नेपाली समाजको यथार्थ मान्यता प्रस्तुत गरिएको छ । सुदृढ र सभ्य समाजका लागि सशक्त नाता सम्बन्ध प्रस्तुत गरिएको छ ।

नेपालको ग्रामीण समाजको एक व्यक्तिको जीवनमा उसले जीवनाधार खोज्दै गर्दा गर्नु परेको संघर्षले यस उपन्यासको प्रमुख पात्र कृतिधर अनुकरणीय बन्न पुगेको छ । गाउँका ठूला ठूला जग्गा धनिका अगाडि हात्तीको मुखमा जिरा भने झै होला (आचार्य, २०७२, पृ.२४ ) । नेपाली समाजको मूल्य मान्यता पुरुष प्रधान छ । परिवारमा पुरुषवादी हैकम प्रवृत्ति चल्ने सो अनुरुप नचले विद्रोह हुने सन्दर्भको उल्लेख गर्दै कृतिधर र रुपचन्द्र एवम् कृतिधर र पशुमति,खलरुप,अभिमान सिंह असुरसिंहबीच विद्रोह सिर्जना भएको छ । यस कृतिमा मानिस सामाजिक प्राणी भएकाले जीवनका हरेक मोडमा समाज मै कति व्यक्तित्व देउताका रुपमा भेटिने त कतिपय दैत्यका रुपमा भेटिने गर्दछन् । मानिस धर्मका लागि मन्दिर धाउने तर मानव सेवा भावमा ख्याल नगर्ने प्रवृत्तिको घृणा गरिएको छ । समाज सभ्य बनाउन समाजका व्यक्तित्व अनुकरणीय बन्नु प्रर्दछ । बावुबाट प्रताडित व्यक्ति कृतिधर,पतिबाट पीडित व्यक्ति कुन्तीमाया जीवनयापनमा र्धयपूर्वक संघर्ष गर्दै बढीरहेका छन् भने कृतिधरले आफै सिर्जना गरेको पारिवारिक जीवनबाट समेत सन्तुष्टि प्राप्त हुँदैन पढाइदेखि जागिरे जीवन पारिवारिक जीवनदेखि एकल जीवन रगतको नातासँगको सम्बन्धदेखि भावनाको नातासँग सम्बन्ध सम्मको जीवन यात्रामा पारिवारिक वितृष्णाले समाजमा सामाजिक मूल्य स्थापित गर्न यो उपन्यास कमजोर देखिन्छ ।कुलङ्गार जन्मनु भन्दा नजन्मनु वेश, जन्मे पनि मर्नु,कित तुहिनु, स्वास्नी नै बन्ध्या हुनु जाती (आचार्य,२०७२, पृ.२७) । नेपाली समाजको मान्यता आर्दश रुपमा सामाजिकतामा जीवन यापन गर्नु हो । यस सिद्धान्तमा उपन्यासकार चुकेको देखिन्छ । सामाजिक रुपले परिवार समाजमा स्थापित हुनुपर्छ, पारिवारिक कलहबाट विथोलिनु उपयुक्त मानिदैन यसर्थ यो उपन्यास सामाजिक मूल्यमा सबल हुनसकेको छैन । यद्यपि जीवनयापनमा विविध ठक्करहरु आइपर्छन् तथापि त्यसको सामना गर्दै सफल जीवनयापन गर्ने ध्येयमा उपन्सकारले तय गरेको जीवनगाथाको कथावस्तु औपन्यासिकताका आधारले उत्कृष्ट छ ।

## सामाजिक निष्ठा र दृष्टिकोणका आधारमा

भावनाको नाता उपन्यासमा नेपाली समाजको वैशम्य स्थितिको उद्‌गार गरिएको छ । सामाजिक निष्ठा भनेकै सामाजिक मेलमिलाप, पारिवारिक सन्तुष्टी,सामाजिक प्रतिष्ठा सुखी, समृद्धि र सम्पन्नता हो । तर समाज कै कुचरित्रका व्यक्तित्वले सामाजिक निष्ठा हराउन पुगेको छ । रुपचन्द्र जस्ता मपाइत्वका पति र बावु अनि पशुमति जस्ती श्रीमती, खलरुप, अभिमानसिंह र असुरसिंह जस्ता सन्तानले कृतिधर जस्ता कर्मठ, सोझो, मेहेनती व्यक्तिको जीवन सन्तोषमय बन्न सकेको छैन । पारिवारिक नारकीय जीवनबाट उन्मुख हुँदा आज मेरो जीवनमा पूर्णतया परिवर्तन आएको छ (आचार्य, २०७२, पृ. २९) । भन्ने भाव उपन्यासकारको अभिव्यक्ति छ । तर उपन्यासमा बावु रुपचन्द्रको कुटिल चरित्रका सम्बन्धमा प्रष्ट पारिएको छ भने आफ्नो पारिवारिक द्वन्द्वबारे कृतिधरले प्रष्ट पारेको देखिदैन । श्रीमतिसँगको झकडा, सन्तानको व्यवहारदेखि वैराग्य भएर घर छोडी धर्म कर्ममा लाग्नु र भावना मिलेको आफ्नो सेवा गर्ने व्यक्तिसँग भावनाको नाता जोडी आफ्नो जीवन सुखी वनाउन उद्दत रहनुले यस उपन्यासले उत्तरवर्ती विकसित सामाजिक दृष्टिकोण प्रस्तुत गरेको छ ।

नेपाली  समाजले पारिवारिक मिलन, एकता र आदर्श रुपको परिकल्पना गर्दछ । तर भावनाको नाता उपन्यासले रगतको नाताका आधारमा पारिवारिक विगठन भएको भावनाको नाताका कारणले वास्तविक परिवारवाद लागु हुन पुगेको सन्दर्भ जोडेकाले यस उपन्यासमा उच्च खालको सामाजिक दृष्टिकोण समेटिएको छ ।वरदान प्रवृत्तले रगतको नाताको महत्व बुझ्दछ, अभिशापका रुपमा अवतार लिएकाहरु कृतघ्न प्रवृत्तिका हुन्छन् (आचार्य, २०७२, पृ.४४) । परिवारप्रतिको वितृष्णा यसको दृष्टान्त हो । यो सामाजिक निष्ठाभित्र दुर्बल पक्ष हो ।

## प्रगतिवाद, उद्देश्यपरक र प्रभाववादी दृष्टिका आधारमा

प्रस्तुत उपन्यासको कथावस्तु संयोगान्त–वियोगान्त परिस्थितिमा बुनिएको छ । मानव सामाजिक प्राणी हो । उसले समाजमा समायोजित हुनुपर्छ तर समायोजित हुँदै गर्दा समाजबाटै सकारात्मक एवम्

नकारात्मक भूमिका प्राप्त हुने गर्दछ । व्यक्ति आफ्नो जीवनको निर्माता आफै हो । पारिवारिक जीवन क्षणिक हो । जीवनमा कर्म गर्नुपर्छ । जीवनले कर्ममा सन्तुष्टी लिन्छ भने कर्म पछि धर्ममा सन्तुष्टि लिन्छ । रगतको सम्बन्ध अधिकारसँग रहन जान्छ तर भावनाको सम्बन्ध सेवाभावमा, धर्ममा रहन जान्छ भन्ने प्रगतिवादी सामाजिक विचार यस उपन्यासमा अभिव्यक्त भएको छ ।

उद्देश्यपरक दृष्टिबाट भावनाको नाता उपन्यासले नेपाली समाजको संकिणता समाजको यथार्थ विवरण व्यक्ति लक्ष्य केन्द्रित हुँदा उठाएका चुनौती, भोगेका दुःख र जुधेका संघर्षहरुलाई सन्देशमूलक ढङ्बाट अभिव्यक्त गरेका छन् । कुपुत्रले रगतको डम्फु बजाएर अभिकार चाहन्छ, भावनात्मकताले कर्तव्य निभाउछ (आचार्य, २०७२, पृ. ३२) व्यक्ति एक्लो हुन्छ तर उसको कर्तव्य र भूमिका फराकिलो छ । जीवन सफलमय बनाउन व्यक्तिले एक्लै उद्देश्य तय गर्नुपर्छ । रगत मिल्दैमा भावना मिल्दैन, भावना मिल्दैमा रगत मिल्दैन तर रगतभन्दा भावनाको नाता बलियो हुन्छ । आफ्नो रगतसँग भन्दा मन भावनासँग मिल्न जाने परिस्थिति सिर्जना हुन्छ । यसकै आधारमा जीवन सुखी र खुसी बनाउन सक्नुपर्छ । आफ्नो कर्तव्यबाट विचलित हुनुहुँदैन भन्ने सन्देश सम्प्रेषण गर्ने उद्देश्य नै यस उपन्यासले लिएको छ ।

प्रभाववादी दृष्टिका आधारमा भावनाको नाता उपन्यासलाई केलाउँदा यसले सामाजिक सकारात्मक र नकारात्मक दुबै प्रभाव छोडेको छ । एक व्यक्तिको जीवन सुरुवात कै क्रममा दुःखमय वातावरणमा सुरु हुँदै गर्दा जीवनभरी दुःखको स्थिति सिर्जना हुन्छ । मैंले आमालाई निरीह अवस्थामा छोडेर यहाँ पुगे, कहाँ गई होलिन ? के खान्छिन (आचार्य, २०७२ : ९) । जुनसुकै परिस्थितिमा पनि हरेश नखानु जीवनलाई विकल्प सहित अगाडि बढाउँदै लैजानु पर्दछ । जहाँ सन्तुष्टि प्राप्त हुन्छ त्यही जीवन व्यतित गर्नुपर्दछ भन्ने सकारात्मक प्रभाव एकातिर पर्दछ भने अर्कोतिर यसरी पारिवारिक जीवनको तनावी र दुषित वातावरणले वालमनोविज्ञानमा असर पर्न गई एकलकाँटे जीवन पद्धति अपनाउने र आफ्नो रगतसँग आफै विरक्तिएर अरुसँग भावनाको नाता गाँस्दै जानाले पारिवारिक संस्कार खलवलिदैं जाने परिपाटिको निमार्ण हुने खतरा रहने नकारात्मक प्रभाव समाजमा पर्न जाने कुरातर्फ समेत ग्रन्थकार र स्वयं पाठकवर्ग, सामाजिक व्यक्तित्व सजक हुनुपर्ने देखिन्छ । यसरी यस उपन्यासको विचार प्रगतिवादी छ । संघर्षमय र सफलमय जीवनको उद्देश्य छ भने सामाजिक सकारात्मक एवम् नकारात्मक प्रभावको संयुक्त प्रस्तुति रहेको छ ।

## निष्कर्ष

भावनाको नाता मौलिक सामाजिक उपन्यास हो । प्रगतिवादी उपन्यासकार धनलाल आचार्यद्वारा लिखित उत्कृष्ट निबन्ध हो । कृतिधर प्रमुख पात्रको जीवनवृत्तमा आधारित यस उपन्यासको कथावस्तु ग्रामीण सहरिया , राष्ट्रिय अन्तराष्ट्रिय परिवेशमा आधारित छ । समाजपरक दृष्टिकोणबाट यस उपन्यासलाई केलाउँदा नेपाली समाजको विम्व झल्किन गएको छ । उपन्यासले प्रगतिवादी र प्रभाववादी सन्देश बोकेको छ । असाहय अवस्थामा समाजमा राम्रा नराम्रा दुबै प्रकृतिका व्यक्तिसँग संगत हुनेगर्दछ । हुने वेला सबै मेरा नहुँदाका टेडा भन्ने उखान चरितार्थ हुनपुगेको छ । जीवन दर्शन, पारिवारिक मोहजाल, सामाजिक प्रकृति त्रिपक्षीय संयोजन यस उपन्यासमा पाइन्छ । जीवन जीउने कला चाहिन्छ । संघर्ष, साथ र उद्देश्य मिल्नु पर्छ । अधिक पारिवारिक मोह जालमा फस्नु हुदैंन । यो सटिक समयका लागि मात्र हो । नेपाली समाजको प्रकृति सकारात्मक एवम् नकारात्मक खालको छ । सकारात्मकको साथबाट नकारात्मककतालाई पन्छाएर अघि बढ्नुपर्छ । रगतको सम्बन्ध एकातिर हुन्छ भने भावनाको सम्बन्ध अर्कोतिर हुन्छ । रगतको सम्बन्ध औपचारिकता र अधिकारमा सीमित हुन्छ भने भावनाको सम्बन्ध अथार्त नाता मनसँग,व्यवहारसँग हुन्छ । रगतको सम्बन्ध भन्दा भावनाको सम्बन्ध दीर्घजीवी र सन्तोषमय हुन्छ भन्ने आत्मानुभूति अभिव्यक्त गरेको यो उपन्यास जगतमा प्रयोगवादी विचारको आयाम ल्याउने जीवनदर्शनको उत्कृष्ट उपन्यास हो । नाता सम्बन्ध सामाजिकीकरणका प्रमुख आधार हुन् । रगतको नाताले समाज संक्रियता तर्फ बढेको तर भावनाको नाताले निस्वार्थ रुपमा सुदृढ हुदैं जाने सार उपन्यासमा पाइन्छ सामाजिक रुपले भावनाको नातामा केन्द्रित भएर समाज अघि बढ्नुपन कोण

उपन्यासको छ । पाश्चात्य साहित्यको प्रमुख समालोचना प्रणाली समाजपरक समालोचना सिद्धान्तका आधारमा मूल्याङ्कन गर्दा नेपाली समाज निमार्णको यथार्थ रुपको प्रस्तुति, परम्परित कसिलो सामाजिक मूल्यमान्यता, सामाजिक निष्ठा र जीवन पद्धतिको यथार्थता उल्लेखित सामाजिक यथार्थवादी धाराको यो उत्कृष्ट उपन्यास हो । यो युगको समाज भावनाको नातामा केन्द्रित हुनुपर्छ, निस्वार्थ रुपले अघि बढ्नुपर्छ । समाजको नातागत प्रवृत्तिमा रगतको नाता स्वार्थ र अधिकारमा रहेकोले आत्मियतामा भावनाको नाता रहेको हुन्छ, । समाज भावनाका आधारमा केन्द्रित हुनुपर्छ भन्ने सामाजिक मान्यता यस उपन्यासले राखेको छ । पाश्चात्य साहित्य सिद्धान्तका आधारमा समाजपरक समालोचना प्रणालीलाई आधार मान्दा आधुनिक समाज निर्माणको प्रमुख आधार भावनाको नाता हुने सामाजिकीकरणको सिद्धान्त यस उपन्यासमा रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, धनलाल (२०७२). *भावनाको नाता.* धनलाल आचार्य ।

जोशी, कुमारबहादुर (२०५१). *पाश्चात्य साहित्यका प्रमुखवाद.* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०). *पाश्चात्य समालोचनाको सैद्दान्तिक परम्परा.* साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६५). *साहित्यशास्त्र र नेपाली समालोचना.* विद्यार्थी पुस्तक भण्डार ।

मिश्र, भागीरथ (सन् (१९७१). *पाश्चात्य काव्यशास्त्र.* विश्वविद्यालय प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।